२०७४ भाद्र २७, सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभा कम्पनीको रजिष्टर्ड कार्यालय विराटनगर मोरङ्गमा सम्पन्न भयो । कम्पनीको नवौं वार्षिक साधारण सभामा संचालक समितिका अध्यक्ष श्री केशव प्रसाद भट्टराईले मन्तब्य सहित कम्पनीको बार्षिक प्रतिवेदन पेश गर्नु भएको थियो ।

उक्त सभाबाट शेयधनीहरुलाई १० प्रतिशत शेयर लाभाँस र कर प्रयोजनको लागि रु.३४,५३,९४७०० नगद लाभाँस पारित भएको छ। बोनस शेयर लाभाँस पश्चात कायम हुने शेयर पूँजीको ४० प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताव समेत सभाबाट पारित भएको छ।

कम्पनीले यसै वर्षमा आर्थिक वर्ष २०७१/७२ को आठौं वार्षिक सधारण सभा सम्पन्न गरी ५ पतिशत बोनस शेयर लाभाँस वितरण गरेको थियो । आज सम्मन्न भएको नवौं वार्षिक साधारण सभामा संचालक श्री विनोद आत्रेयबाट स्वागत मन्तब्य ब्यक्त गर्नु भएको र उक्त सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित ब्यक्तिहरुको लागि कम्पनीको प्रगतीको बारे जानकारी गराउँदै, संस्थाका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले धन्यवाद ज्ञापन गर्न भएको थियो ।